## प्रेस विज्ञप्ति

समुद्री सतहबाट ५९ मिटर देखी ८८४८ मिटर सम्म फैलिएको नेपाल भौगोलिक विविधताका हिसाबले अग्र पंत्तिमा रहेपनि कमजोर भौगर्भिक अवस्था, विषम भौगोलिक बनावट, मौसमी विषमता तथा जलवायु परिवर्तनका असरहरु आदी कारणले विभिन्न प्रकारका विपद्का घटनाहरु घटीरहने हुँदा विपद् जोखिम न्यूनीकरणको विषय चुनौतिको रुपमा पनि रहेको छ ।

समुदाय स्तरबाट विभिन्न प्रकारका विपद्को पूर्वतयारी तथा शिघ्र पुनर्लाभको सन्दर्भमा यस मन्त्रालयले आग्रणी भुमिका वहन गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मार्फत स्थानीय तहमा विपद् पुर्वतयारी प्रतिकार्य, वस्ती स्थानान्तरण, पुनर्निमाण तथा पुनर्स्थापनाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । विपद् व्यवस्थापनको सम्बन्धमा स्थानीय तहलाई बढी सबल र सुदृढ बनाउनु पर्ने यथार्थतालाई आत्मसात गर्दै स्थानीय तहको क्षमता अभिबृद्धि एवं सहजिकरण गर्न मन्त्रालयले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद् व्यवस्थानप कोष सञ्चालन कार्यविधी, आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधी आदीको नमुना उपलब्ध गराएको छ । स्थानीय तह तथा प्रदेश स्तरको क्षमता अभिबृद्धि गर्दै संघ, प्रदेश, स्थानीय तह र साझेदार संस्थाहरुबाट सञ्चालन हुने विपद् व्यवस्थापनका कृयाकलापहरुलाई प्रभावकारी बनाउने सन्दर्भमा विपद् व्यवस्थापनको सम्बन्धमा भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति,२०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनिति कार्ययोजना, २०१८-२०३० का साथसाथै अन्तर्राष्ट्रिय मञ्चमा लिईएका ठोस मार्गदर्शनका रुपमा रहेका दिगो विकास लक्ष्यहरु २०१५-२०३०, सेन्ढाई घोषणापत्र सन् २०१५-२०३०, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतमा गरिएको प्रतिवद्धता आदी समेतलाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरणकालागि व्यवस्थित कृयाकलाप सञ्चालन गर्न यस कार्ययोजना तयार गरिएको छ ।

परिवर्तित् शासकिय संरचनामा विपद् जोखिमबाट मुक्त तथा उत्थानशील नेपाल निर्माणको सन्दर्भमा विकास साझेदार संस्था समेतको संलग्नतामा सघन छलफल पश्चात तयार गरिएको कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित सबै पक्षको सहयोग तथा समन्वयको अपेक्षा गर्दै मन्त्रालयले वहन गर्नु पर्ने भुमिका समाविष्ट गरिएको "विपद् जोखिम व्यवस्थापन कार्ययोजना (२०१८-२०२२)" का योजनाहरुका प्रभावकारी कार्यान्वयनबाट विपद् उत्थानशील नेपालको निर्माण गर्न ठोस टेवा पुग्ने अपेक्षा गरिएको छ । यस कार्ययोजनालाई आधार बनाई विकास साझेदार संस्थाका कृयाकलाप समेत प्रभावकारी रुपमा संचालन हुन सकेमा तथा प्रदेश तथा स्थानीय तहले समेत यस कार्ययोजनालाई आधार लिँदै विपद् व्यवस्थापनको क्षेत्रमा सम्पादन गर्ने कार्यलाई समेटी कार्ययोजना तर्जुमा गरी उत्थानशील समुदायको विकास गर्ने कार्यलाई अघि बढाउन सकेमा अपेक्षित नतिजा हासिल हुन सक्ने भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस तर्फ अघि बढ्न सम्बद्ध सबै पक्षलाई हार्दिक अपिल गर्दछ ।

मिति:२०७५/०८/०३

.......................

सह-सचिव एवं प्रवक्ता

(सुरेश अधिकारी)

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### विपद् जोखिम व्यवस्थापन कार्ययोजना

**Guiding Documents may need to link the action plan as applicable:**

- ✓ Constitution of Nepal
- ✓ DRR and Management Act 2074
- ✓ Local Government Operation Act 2074
- ✓ DRR Strategy and Action Plan 2075
- ✓ Sustainable Development Goals 2030
- ✓ Sendai Framework for DRR 2015
- ✓ Paris Agreement/ NDC 2016

| सि.नं | विवरण (कार्य) | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत (रकम) व्यवस्थापन | समय सीमा | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **विपद् व्यवस्थापन सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन** | | | | | | |
| १.१ | सबै स्थानीय तहमा आवधिक तथा अद्यावधिक योजना तर्जुमा गर्दा विपद् तथा जलवायु उत्थानशिलता विषयलाई मुलप्रवाहिकरण गर्न दिग्दर्शन तयार गर्ने (नमुना) | सं.मा. तथा सा. प्र. मन्त्रालय | विषयगत मन्त्रालयहरु, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधीकरण विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ असार | ७५३ स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तनको क्षेत्रमा कार्यक्रम तर्जुमा तथा वजेट विनियोजन गर्न सहयोग पुग्ने । | |
| १.२ | प्रदेश तथा स्थानीय तहको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्ययोजना तर्जुमा गर्न सहयोग गर्ने | सं.मा. तथा सा. प्र. मन्त्रालय | प्र.म.तथा म.प. कार्यलय गृह मन्त्रालय, विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विकास साझेदार संस्थाहरु | निरन्तर | प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्ययोजना तयार भएको हुने । | |
| १.३ | उत्थानशील स्थानीय समुदायका लागि नमुना रणनीति, तर्जुमा । | सं.मा. तथा सा. प्र. मन्त्रालय | स्थानीय तह विषयगत मन्त्रालय, विकास साझेदार | सं.मा. तथा सा. प्र. मन्त्रालय, | २०७५ असोज | स्थानीय तहमा उत्थानशीलता विकास सम्बन्धमा बुझाईमा एकरुपता आउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | संस्थाहरु | विकास साझेदार संस्थाहरु | | |
| १.४ | शिघ्र पुर्नलाभ विषयगत क्षेत्र (Early Recovery Cluster) को राष्ट्रिय कार्यढाँचाको तर्जुमा गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय, | गृह मन्त्रालय, UNDP विषयगत क्षेत्रमा क्रियासिल संस्थाहरु र विकास साझेदार संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ असार | विपद्को पश्चातको शिघ्र पुर्नलाभको कार्यमा टेवा पुग्ने । | |
| १.५ | CBDRR Platform लाई नियमित र क्रियाशील बनाउन मार्गदर्शन गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय | विषयगत मन्त्रालय, IFRC लगायत विकास साझेदार संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय, | निरन्तर | मार्गदर्शनको माध्यमबाट सामुदयमा आधरित विपद् व्यवस्थापनमा टेवा पुग्ने । | |
| १.६ | विपद् व्यवस्थापनका अनुभव तथा सिकाइ आदान प्रदान गर्न प्रत्येक तिन महिनामा विकास साझेदार संस्थाहरुसंग समन्वय बैठक गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय | विकास साझेदार संस्थाहरु, स्थानीय तह | स.मा.तथा सा.प्र मन्त्रालय, विकास साझेदार संस्थाहरु | निरन्तर | विपद् व्यवस्थापनका अनुभव तथा सिकाइ आदान प्रदान भइ जोखिम न्यूनीकरणमा सहयोग पुग्ने | |
| १.७ | विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकुलन सम्वन्धि क्षमता विकासका लागि तालिम सामाग्री तयार गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय | LDTA, विकास साझेदार संस्थाहरु, | स.मा.तथा सा.प्र मन्त्रालय र विकास साझेदार संस्थाहरु | २०७५ फाल्गुन | विपद् तथा जलवायू परिवर्तन सम्वन्धमा स्थानीय समुदायको क्षमता अभिवृद्धी हुने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.८ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा सचांलन भएका क्रियाकलायहरुको अनुगमन गर्न मापदण्ड तयार गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय | प्र.म.तथा म.प. कार्यलय रा.यो. आ. विकास साझेदार संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय र विकास साझेदार संस्थाहरु | २०७५ चैत्र | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा सचांलन भएका क्रियाकलापहरुमा प्रभावकारीता आउने । | |
| २. | **विपद् जोखिम क्षेत्रको नक्साङ्कन, जोखिमयुक्त बस्तीहरुको पहिचान तथा स्थानान्तरण** | | | | | | |
| २.१ | बहुप्रकोपयुक्त जोखिम नक्साङ्कन तथा भूउपयोग योजना तर्जूमा गरि विपद जोखिमयुक्त क्षेत्रको वैज्ञानिक नक्साङ्कन तथा बस्तिहरुको पहिचान एवं स्थानान्तरण गर्नका लागी आवस्यक मार्गदर्शन तयार गर्ने | सं.मा. तथा सा. प्र. मन्त्रालय | गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय र विषयगत मन्त्रालय, खानी तथा भुगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग, नापी विभाग, प्रज्ञिक निकायहरु, विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विषयगत मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ चैत्र | सुरक्षीत बसोवासको व्यवस्थापनमा टेवा पुग्ने | |
| २.२ | बहुप्रकोपयुक्त जोखिम नक्साङ्कन तथा भूउपयोग योजना तर्जूमा गरि विपद जोखिमयुक्त क्षेत्रको वैज्ञानिक नक्साङ्कनको आधारमा विपद् जोखिम व्यवस्थापनका लागी आवस्यक मार्गदर्शन तयार गर्ने | सं.मा. तथा सा. प्र. मन्त्रालय | गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय र विषयगत मन्त्रालय, खानी तथा भुगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग, नापी विभाग, प्रज्ञिक निकायहरु, विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विषयगत मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ चैत्र | उत्थानशिल समुदायको निर्माणका लागी टेवा पुग्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.३ | भू उपयोग योजना तथा विपद् जोखिम नक्शंकनको आधारमा आवास निर्माण मापदण्ड आवस्यक परिमार्जन गरी कार्यान्वयन गर्ने | स.मा.तथा सा.प्र मन्त्रालय, शहरी विकास मन्त्रालय | सम्वन्धित स्थानीय तह, विषयगत मन्त्रालय, विकास साझेदार संस्थाहरु | शहरी विकास मन्त्रालय, सं.मा.तथा सा.प्र मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ चैत्र | सुरक्षीत आवास निर्माणमा टेवा पुग्ने । | |
| ३ | **नदि र पहिरो नियन्त्रण तथा नदिको व्यवस्थापन** | | | | | | |
| ३.१ | बहुप्रकोप जोखिम आंकलनको आधारमा एकिकृत जलाधार व्यवस्थापन योजना बनाई स्थानीय तहको वार्षिक तथा आवधीक योजना तर्जुमा, कार्यन्वयन र अनुगमनका लागि आवस्यक मार्गदर्शन तयार गर्ने | सं.मा. तथा सा. प्र. मन्त्रालय , वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रायल | गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, र विषयगत मन्त्रालयहरु, खानी तथा भुगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग, नापी विभाग, प्रज्ञिक निकायहरु, विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विषयगत मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ चैत्र | स्थानीय तहको आवधीक योजना बहु प्रकोप जोखिम नक्शाकंन तथा एकिकृत जलाधार व्यवस्थापनमा समेत आधारीत हुने । | |
| ३.२ | बाढी र पहिरो बाट हुने क्षती न्यूनिकरण गर्नका लागि पूर्व सुचना प्रणली स्थापना र संचालन गर्न समन्वय र सहजीकरण गर्ने | सं.मा. तथा सा. प्र. मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग | विषयगत मन्त्रालयहरु विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विषयगत मन्त्रालय, स्थानीय तहहरु विकास साझेदार संस्थाहरु | निरन्तर | सुमदाय स्तरको पूर्व सुचना प्रणली स्थापना हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.३ | संचालनमा रहेका पूर्वसुचना प्रणलीलाई सबै तहमा संचालित आपतकालीन कार्यसंचालन केन्द्रसँग आवद्ध गर्ने | स.मा.तथा सा.प्र मन्त्रालय गृह मन्त्रालय ( राष्ट्रीय आपतकालीन कार्यसंचालन केन्द्र) जल तथा मौसम बिज्ञान बिभाग | स्थानीय तह विकास साझेदार संस्थाहरु | वि.जो.न्यू. तथा व्यवस्थापन प्रधिकरण, विकास साझेदार संस्थाहरु | २०७६ चैत्र | एकिकृत सूचना संप्रेषण भएको हुनेछ। | |
| ४. | **स्थानीय तह र समुदायस्तरमा विपद् व्यवस्थापन सम्वन्धि संस्थागत सुदृढीकरण** | | | | | | |
| ४.१ | स्थानीय तह, वडा र सुमदायस्तरमा विपद व्यवस्थापन समितिको गठन गर्न समन्वय र सहजीकरण गर्ने । | सं.मा. तथा सा. प्र. मन्त्रालय, | जि.स.स, जिल्ला प्रशासन कार्यलय | सं.मा. तथा सा. प्र. मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७५ चैत्र | समिति गठन भई क्रियाशिल भएको हुने। | |
| ४.२ | स्थानीय तहमा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय, सबै स्थानीय तह विषयगत कार्यालयहरु | स.मा.तथा सा.प्र मन्त्रालय, गृह मन्त्रालय, विकास साझेदार संस्थाहरु | सं.मा. तथा सा. प्र. मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७५ चैत्र | ७५३ वटै स्थानीय तहमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना भई कार्य सुरु हुने । | |
| ४.३ | स्थानीय स्तरमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान सिप र क्षमता भएका मानव स्रोत र साधनको सुची तयार गर्ने । | स्थानीय तह | स.मा.तथा सा.प्र मन्त्रालय, विकास साझेदार संस्थाहरु | स्थानीय तह | २०७६ जेष्ठ | आवस्यक जनशक्ति र स्रोत साधनको उपलब्धतामा सहजीकरण हुने । | |
| ४.४ | वारुणयन्त्र संचालन संबन्धी नमुना कार्यविधि तयार गर्ने | स.मा.तथा सा.प्र मन्त्रालय | गृह मन्त्रालय, | स.मा.तथा सा.प्र मन्त्रालय | २०७६ असोज | वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालनमा सहजता हुने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.५ | विपद्को समयमा तत्काल खोज तथा उद्धार र राहतका लागी हरेक वडा/समुदायमा स्वयसेवक टोलीहरु गठन तथा परिचालन गर्ने । | स्थानीय तह | जिल्ला प्रशासन गैरसरकारी तथा निजि क्षेत्र, | स्थानीय तह, विकास साझेदार संस्थाहरु | २०७६ असार | तत्काल उद्धार र राहत का लागी टोलीहरु गठन भएको हुने । | |
| ४.६ | स्थानीय तहहरुमा तत्काल खोज तथा उद्धार एवं राहत सामाग्रीको भण्डारण गर्ने । | सम्वन्धित स्थानीय तह | स.मा.तथा सा.प्र मन्त्रालय, गृह मन्त्रालय, विकास साझेदार संस्थाहरु | स्थानीय तह, विकास साझेदार संस्थाहरु | २०७५ चैत्र | विपद् परेको अवस्थामा मानविय सहयोग अर्न्तगत तत्काल राहत उपलब्ध गराउन सकिने । | |
| ४.७ | विपद् जोखिम न्यूनीकरण तथा जलवायू परिवर्तन अनुकुलन सम्वन्धि सिकाई केन्द्र स्थापना | स.मा.तथा सा.प्र मन्त्रालय, | सम्वन्धित स्थानीय तह विकास साझेदार संस्थाहरु, गैरसरकारी संघ संस्थाहरु | स्थानीय तह, विकास साझेदार संस्थाहरु | २०७६ असार | स्थानीय तहमा सिकाई केन्द्रहरु स्थापना भई कार्यन्वयनमा आएको हुने । | |
| ५ | **विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन** | | | | | | |
| ५.१ | स्थानीय तहमा विपद् व्यवस्थापन कोषको स्थापना र संचालनमा सहजीकरण | स.मा.तथा सा.प्र मन्त्रालय | स्थानीय तह विकास साझेदार संस्थाहरु, | विकास साझेदार संस्थाहरु | निरन्तर | विपद् व्यवस्थापनमा सहयोग पुग्ने । | |
| ६ | **विपद् जोखिम न्यूनिकरण सम्वन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा र कार्यान्वयनमा सहजीकरण** | | | | | | |
| ६.१ | विपद् पछिको पुर्नस्थापना र पुर्ननिर्माणमा स्थानीय तहको सहभागिता र उत्तरदायित्व सुनिश्चत गर्न नमुना ऐन पारित तथा कार्यान्वयनमा स्थानीय तहलाई सहजिकरण गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय, | जिल्ला प्रशासन कार्यलय, सम्बन्धित स्थानीय तह, विकास साझेदार संस्थाहरु | स्थानीय तह, विकास साझेदार संस्थाहरु | निरन्तर | पुर्ननिर्माण र पुर्नस्थापनाको कार्यमा स्थानीय सहभागिता बृद्धि भई कार्य प्रभावकारी हुने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.२ | विपद् जोखिम न्यूनिकरण र जलवायू परिवर्तन अनुकुल सम्वन्धि क्षमता अभिवृद्धि गर्ने ।<br>क. निर्वाचित जनप्रतिनिधिहरु<br>ख. स्थानीय समुदायहरु<br>ग. निजी क्षेत्र | स.मा.तथा सा.प्र मन्त्रालय | सम्वन्धित स्थानीय तह स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, विकास साझेदार संस्थाहरु, गैरसरकारी/नीजि क्षेत्र स्थानीय सामुदायिक संस्थाहरु | स्थानीय तह विकास साझेदार संस्थाहरु, गैरसरकारी/नीजि क्षेत्र | निरन्तर | विपद् तथा जलवायू परिवर्तन सम्वन्धमा क्षमता अभिवृद्धी भई जोखिम न्यूनिकरणमा सहयोग पुगेको हुने । | |
| ६.३ | भवन संहिता, भवन निमार्ण मापदण्ड (Building Code / Building By-law) को पुर्णरुपमा पालना गर्न र बनिसकेका भवनहरुको जोखिम मूल्यांकन गरी प्रबलिकरणको माध्यम अपनाउन क्षमता अभिवृद्धी गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय, | शहरी विकास मन्त्रालय, सम्वन्धित स्थानीय तह विकास साझेदार संस्थाहरु, गैरसरकारी/नीजि क्षेत्र | सम्वन्धित स्थानीय तह विकास साझेदार संस्थाहरु, | निरन्तर | भुकम्प प्रतिरोधि भवन निमार्ण भएको हुने । | |
| ६.४ | स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनमा सहजीकरण गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय, | सम्वन्धित स्थानीय तह विकास साझेदार संस्थाहरु, गैरसरकारी संघ संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय, विकास साझेदार संस्थाहरु, | निरन्तर | योजना तर्जुमा भई सो अनुरुप कार्य भएको हुने । | |
| ६.५ | स्थानीय तहका लागि वातावरणीय जोखिम न्यूनिकरण सम्बन्धी परिमार्जीत कार्यढाचाँ उपलब्ध गराउने | स.मा.तथा सा.प्र मन्त्रालय | विषयगत मन्त्रालय, विकास साझेदार संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय विकास साझेदार संस्थाहरु | २०७५ फागुन | वातावरणीय जोखिम न्यूनीकरणमा सहयोग पुग्ने | |
| ७ | सूचना र तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान | | | | | | |
| ७.१ | विपद जोखिम न्यूनीकरण सम्बन्धि काम गर्ने सबै संघ संस्थाको परिचय सहितको पुस्तिका तयार गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय | IFRC, CBDRM Platform | स.मा. तथा सा. प्र. मन्त्रालय, विकास | २०७५ मंसिर | विपद् व्यवस्थापन क्षेत्रमा क्रियासिल संस्थाहरको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | साझेदार संस्थाहरु | | जानकारी एकिकृत रुपमा उपलब्ध हुने | |
| ७.२ | CBDRM Portal तयार गरि विपद् सम्बन्धी आवस्यक विषयवस्तुको जानकारी अध्यावधीक गर्ने। | स.मा.तथा सा.प्र मन्त्रालय | विषयगत मन्त्रालय/विभाग, सबै स्थानीय तह, विषयगत कार्यालयहरु, विकास साझेदार संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय, विकास साझेदार संस्थाहरु | २०७६ असार | आवस्यक सुचनाहरु एकिकृत रुपमा प्राप्त हुने । | |
| ७.३ | खुल्ला क्षेत्रहरुको पहिचान, संरक्षण र प्रचार प्रसार गर्ने | सबै स्थानीय तह | स.मा.तथा सा.प्र मन्त्रालय, शहरी विकास मन्त्रालय, विषयगत कार्यालयहरु, विकास साझेदार संस्थाहरु | स.मा.तथा सा.प्र मन्त्रालय, शहरी विकास मन्त्रालय | २०७६ असोज | मानविय उद्दारका लागी खुल्ला क्षेत्रहरुको पहिचान र संरक्षण भएको हुने | |
| ८ | **स्थानीय स्तरमा विपद् प्रभावितको पुर्नस्थापना र पुनर्निर्माण** | | | | | | |
| ८.१ | विपद् प्रभावितको पुर्नस्थापना र पुर्ननिर्माणका लागि स्थानीय तहलाई सहजिकरण गर्ने । | स.मा.तथा सा.प्र मन्त्रालय, | प्राधिकरण, सम्बन्धित स्थानीय तह, विकास साझेदार संस्थाहरु, | स्थानीय तह, विकास साझेदार संस्थाहरु | निरन्तर | पुर्ननिर्माण र पुर्नस्थापनाको कार्यमा स्थानीय सहभागिता बृद्धि भई कार्य प्रभावकारी हुने । | |
| ९ | **विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य** | | | | | | |
| ९.१ | विपद् व्यवस्थापनको सन्दर्भमा केन्द्रीय निकायको क्षमता अभिवृद्धी | स.मा.तथा सा.प्र मन्त्रालय, | अर्थ मन्त्रालय, प्राधिकरण, विकास साझेदार संस्थाहरु | नेपाल सरकार, विकास साझेदार संस्थाहरु | निरन्तर | विपद् व्यवस्थापनमा प्रभावकारीता आएको हुने । | |